फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-७ संख्या-६ मितिः२०८०।०३।२४

## भाग-१

## फुङलिङ नगरपालिका

## "फुङलिङ नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन), २०८०"

## “फुङलिङ नगरपालिकाको शिक्षा ऐन (दोस्रो संशोधन), २०८०”

**सभाबाट स्वीकृत मिति :२०८०।०३।१०**

**१. शिक्षा (पहिलो संशोधन) ऐन २०७७**

**२. शिक्षा (दोश्रो संशोधन) ऐन २०८०**

फुङलिङ नगरपालिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उप दफा २ को (ज) ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगर सभाले मिति २०७५ पौष १४ गते यो **"फुङलिङ नगरपालिका शिक्षा ऐन, २०७५"** बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

- **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम “फुङलिङ नगरपालिकाको शिक्षा ऐन, २०७५” रहेकोछ ।

(२) यो ऐन फुङलिङ नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

- "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगर सभाले बनाएको नगरपालिका शिक्षा ऐनलाई सम्झनु पर्छ।
- "सभा" भन्नाले फुङलिङ नगरपालिकाको नगर सभा सम्झनु पर्छ।
- "कार्यपालिका" भन्नाले फुङलिङ नगरपालिको कार्यपालिकालाई सम्झनु पर्छ।
- "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरीएको सञ्चित कोषलाई सम्झनु पर्छ।
- "फुङलिङ नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको फुङलिङ नगरपालिका सम्झनु पर्छ।
- "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा/गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँछ।
- "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ।
- "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एका सगोलमा बस्ने तथा निज आँफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

- "परीक्षा समिति" भन्नाले ऐनको दफा २५ (१) बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ।
- "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्छ।
- "प्रमुख" भन्नाले फुङलिङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।
- "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फुङलिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।
- "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई चार वर्ष ननाघेका बालबालिकाको लागि ऐनको दफा २७ (३) बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ।
- "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २१ (१) बमोलिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।
- "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।
- "शिक्षा अधिकृत" भन्नाले फुङलिङ नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको ब्यक्तिलाई सम्झनु पर्छ।
- "शिक्षा शाखा" भन्नाले फुङलिङ नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ।
- "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ।
- "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ।
- "शिक्षा समिति" भन्नाले फुङलिङ नगरपालिका प्रमुखको नेतृत्वमा नगर कार्यपालिकाले गठन गरेको ऐनको दफा १९ (१) अनुसारको नगर शिक्षा समिति सम्झनु पर्छ।

(प) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ।

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै ब्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना सार्वजनिक गुठी सम्झनु पर्छ।

(ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने बार्षिक अवधि सम्झनुपर्छ।

(भ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरीने आजीवन सिकाइ, अध्ययन अनुसन्धान र सिप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(म) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(य) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ।

(र) "विशेष परिस्थिति" भन्नाले कुनै पनि ब्यक्ति आफ्नो काबु भन्दा बाहिरको परिस्थिति भएको अवस्था सम्झनु पर्छ।

(ल) "समाजसेवी" भन्नाले शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान गरेको ब्यक्ति सम्झनु पर्छ।

(व) "सीमान्तकृत" भन्नाले नेपाल सरकारले सीमान्तकृत भनी सूचीकृत गरेको समुदायलाई सम्झनु पर्छ।

(श) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका ब्यक्ति सम्झनु पर्छ।

œ (ष) “बुकफ्री डे” भन्नाले विद्यालयमा पाठ्यक्रम बाहिरका क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीहरुलाई ज्ञानको पृष्ठ पोषण गर्ने कार्यलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## œ विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने :** (क)× .....

œ (ख) (१) कुनै नेपाली नागरीकले शैक्षिक गुठी वा कम्पनि अन्तर्गत प्रारम्भिक बाल शिक्षा केन्द्र, आधारभूत विद्यालय, माध्यमिक विद्यालय र प्राविधिक तथा व्यावसायिक विद्यालय, विशेष तथा खुल्ला विद्यालय खोल्न चाहेमा तोकिए बमोजिम सम्बन्धित वडा समितिको सिफारिससहित नगर शिक्षा शाखाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा नगर शिक्षा अधिकृतले निवेदनसाथ प्राप्त कागजातहरु अध्ययन गर्ने र अनुगमन समितिले स्थलगत जाँचबुझ गरी नगर शिक्षा समितिमार्फत नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विद्यालय खोल्ने अनुमति दिन मनासिव भएको वैठकले ठहर गरेमा तोकिएका शर्तहरु पालना गर्ने गरी नगर शिक्षा समितिले अनुमति दिनेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्तहरु पालना गरेको देखिएमा नगर कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

× दोश्रो संशोधनबाट हटाइएको

(५) यो नियम प्रारम्भ हुँदाका वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयले शैक्षिक गुठी तथा सहकारी अन्तर्गत सञ्चालन गर्न चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत सञ्चालन गर्न नगर शिक्षा शाखामा तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) वमोजिम निवेदन परेमा नगर शिक्षा अधिकृतले निवेदन उपर आवश्यक जाँचबुझ तथा अनुगमन समितिले स्थलगत निरीक्षण गरी विद्यालयको माग मनासिब देखिएमा नगर शिक्षा समितिले स्वीकृति दिनेछ।

(७) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिने छन्।

(८) नगरपालिकामा शैक्षिक, प्राविधिक तथा व्यवसायिक शिक्षालय, अंग्रेजी वा मातृ भाषा विद्यालय, सिकाई केन्द्रहरु, ट्यूसन तथा कोचिङ सेन्टर, खोलि अध्ययन अद्यापन गर्न गराउन अनुमति दिन सक्नेछ। उल्लेखित शिक्षालयहरु सञ्चालन गर्न नगरपालिकाले छुटै कार्यविधि वनाई लागु गर्नेछ।

(९) यस ऐन बमोजिम विद्यालय सञ्चालन अनुमति नलिई विद्यालय सञ्चालन गर्न पाइने छैन। सञ्चालन गरेको पाइएमा तोकिए बमोजिमको दण्ड जरिवाना हुनेछ।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधारः** विद्यालय खोल्नको लागि तोकिए बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ।

×५. .....

**६. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजः** विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देजहरु तोकिएबमोजिम हुनेछन् ।

×७. ......

×८. ......

×९. ......

×१०......

×११.......

**१२. यस अघि दर्ता भएका विद्यालय सम्वन्धी व्यवस्था :** यस अघि दर्ता भएका विद्यालय यसै ऐन बमोजिम सञ्चालन भएका मानिने छन् ।

× दोश्रो संशोधनबाट हटाइएको

**१३. धरौटी राख्नु पर्ने :** संस्थागत विद्यालय खोल्न अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत निम्न बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ :

œ(क) प्रारम्भिक बाल शिक्षा केन्द्रका लागि एक लाख रुपैया,

(ख) आधारभूत विद्यालय (०-३) का लागि दुई लाख रुपैयाँ,

(ग) आधारभूत विद्यालय (०-५) का लागि तीन लाख रुपैयाँ,

(घ) आधारभूत विद्यालय (०-८) का लागि छ लाख रुपैयाँ,

(ङ) माध्यमिक विद्यालय (९-१०) का लागि आठ लाख रुपैयाँ,

(च) माध्यमिक विद्यालय (९-१२) का लागि दश लाख रुपैयाँ,

**१४. धरौटी रकम जम्मा गरीने :** (१) विद्यालयले दफा १३ बमोजिमको धरौटी बापतको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

**१५. विद्यालय गाभ्न सकिने :** (१) देहायको कुनै अवस्थामा दुई वा सो भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ तर यसरी गाभ्दा हाल सञ्चालित बालविकास कक्षा सम्वन्धित स्थानमा नै रहनेछ र त्यहाँको भौतिक तथा शिक्षक व्यवस्थापन नगरपालिकाले कार्यविधि बनाइ अन्यत्र स्थानान्तरण गर्नेछ ।

- तोकिए बमोजिमको पूर्वाधार कायम नरहेको ।
- विद्यालयमा सञ्चालित कक्षाहरुमा कुल निम्न बमोजिम भन्दा कम विद्यार्थी सङ्ख्या भएमाः
- आधारभूत विद्यालय (०-८) को लागि न्यूनतम ४५ जना,
- आधारभूत विद्यालय (०-५) को लागि न्यूनतम ३० जना,
- आधारभूत विद्यालय (०-३) को लागि न्यूनतम २० जना,
- दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

×(घ) ......

(ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएमा ।

तर, माध्यमिक तह र भौगोलिक विकटता भएको क्षेत्रमा सञ्चालित आधारभूत तहको विद्यालय गाभ्नलाई कार्यपालिकाले छुट्टै कार्यविधि बनाउनेछ ।

---

œ दोश्रो संशोधनबाट थपिएको

× दोश्रो संशोधनबाट हटाइएको

**®१६. विद्यालयको तह वा कक्षा घटाउन सकिने :** कुनै विद्यालयको तह वा कक्षा घटाउन सकिने सम्वन्धमा ऐनको दफा १५ को उपदफा (१) (क), (ख), (ग) र (घ) को अवस्था विद्यमान रहेको भएता पनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

**®१७. विद्यालयको कक्षा थप गर्न सकिने :** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै नगर शिक्षा समितिमा निवेदन दिनु पर्नेछ। थप कक्षा सञ्चालन गर्न चाहने विद्यालयले तोकिएको मापदण्ड पुरा गर्नु पर्नेछ ।

## परिच्छेद-३

## नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार

**१८.** नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तब्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-४

## ®नगर शिक्षा समिति सम्वन्धी व्यवस्था

@**®१९. नगर शिक्षा समितिको गठन :** (१) नगरपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि फुङलिङ नगरपालिकामा एक नगर शिक्षा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) वमोजिमको नगर शिक्षा समितिमा देहायका सदस्यहरु रहने छन :

(क) नगर पालिकाको प्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) नगरपालिकाको सामाजिक समितिका संयोजक — सदस्य

(घ) नगर कार्यपालिकाले आफु मध्येवाट छानिएका एक जना दलित महिला १ जना — सदस्य

(ङ) नगरपालिका क्षेत्र भित्र बसोवास गरी शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका विद्यालयका सञ्चालक वा संस्थापकहरु मध्येबाट नगर प्रमुखले तोकेको १ जना — सदस्य

---

® दोश्रो संशोधनबाट संशोधित

@ पहिलो संशोधनबाट संशोधित

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट शिक्षा समितिले मनोनयन गरेको १ जना — सदस्य

(छ) सामुदायिक विद्यालयको प्रधानाध्यापक/शिक्षकहरु मध्येवाट एक महिला सहित ३ जना — सदस्य

(ज) फुङलिङ नगर शिक्षक महासंघको अध्यक्ष — सदस्य

(झ) नगर शिक्षा अधिकृत — सदस्य सचिव

(३) समितिका सदस्यहरुको कार्यकाल दुई वर्षको हुनेछ । सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेमा वा गोप्यता भङ्ग गरेमा नगर कार्यपालिकाले जुनसुकै वखत हटाउन सक्नेछ। यसरी हटाउँदा निजलाई सफाईको मौका प्रदान गरीनेछ ।

(४) समितिको वैठक कम्तीमा दुई महिनाको एक पटक बस्नु पर्नेछ। बैठक स़ञ्चालन गर्नको लागि कम्तिमा ५१ प्रतिशत उपस्थिति आवस्यक पर्नेछ ।

(५) समितिको वैठक भत्ता नगरपालिकाको प्रचलित कानुनबमोजिम हुनेछ ।

œ(६) नगरपालिकाका वडामा वडा अध्यक्षको संयोजकत्वमा कम्तिमा ४० प्रतिशत महिला समावेश हुने गरी सात सदस्यीय वडा शिक्षा समितिको गठन हुनेछ ।

œ(७) यो ऐनले विभिन्न दफा र उपदफाहरुमा जस्तो सुकै व्यवस्था गरे पनि नगर शिक्षा समितिको दफा १९ को (ज) बमोजिमको स्थानमा मोनोनित भएको वर्तमान सदस्य एक कार्यकाल पुरा नभएसम्म कायमै रहनेछ ।

®२०. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजनामाथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न नगर शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजनामाथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने ।

---

® दोश्रो संशोधनबाट संशोधित

œ दोश्रो संशोधनबाट थपिएको

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने।

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउने तथा त्यस्तो सहायताको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने।

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम तयार गर्ने।

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने।

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने।

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने।

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने गराउने।

(ञ) विद्यालय बन्द, कक्षा थप घट र एक आपसमा गाभ्नका लागि गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने।

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न नगर शिक्षा शाखा मार्फत विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने।

(ठ) नगर स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न नगर शिक्षा शाखालाई निर्देशन दिने।

(ड) विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने।

(ढ) नगर कार्यपालिका तथा नगर सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने।

(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने।

(त) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने।

(थ) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने।

## परिच्छेद-५
## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**®२१. विद्यालय व्यवस्थापन समितिको गठन :** (१) यस ऐन अन्तरगत सामुदायिक, संस्थागत, शैक्षिक गुठी वा सहकारी संस्था अन्तर्गत संचालित विद्यालयहरुको व्यवस्थापन समिति देहाय वमोजिमको हुने :

(क) सामुदायिक विद्यालय : (१) सामुदायिक विद्यालयको व्यवस्थापन समिति देहाय वमोजिमको हुनेछ :

| | |
|---|---|
| (क) विद्यालयका अभिभावकले आफु मध्येबाट छानी पठाएको | अध्यक्ष |
| (ख) विद्यालयका अभिभावकले आफु मध्येबाट छानी पठाएका एक जना दलित महिला, एक जना महिला सहित जम्मा ३ जना | सदस्य |
| (ख) सम्बन्धित वडाध्यक्ष वा वडा समितिले मनोनित गरी पठाएको वडा सदस्य | सदस्य |
| (ग) विद्यालयका संस्थापक, बुद्धिजीवी, शिक्षा प्रेमी वा चन्दा दाताहरु मध्येबाट एक महिला सहित १ जना | सदस्य |
| (घ) विद्यालयका शिक्षकले आफूमध्येबाट छानेर पठाएको १ जना | सदस्य |
| (ङ) विद्यालयका अभिभावक संघको अध्यक्ष | सदस्य |
| (ङ) प्रधानाध्यापक | सदस्य सचिव |

œ(२) उपदफा (१) को (क) को (१) बमोजिम बन्ने सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि विद्यार्थीसँगको तिन पुस्ते नाता खुल्ने र सम्वन्धित वडाको स्थाई वासिन्दा रहेको अभिभावक हुनु पर्नेछ।

(३) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि कक्षा ५ सम्म पढाई ञ्सञ्चालन हुने विद्यालयका लागि कक्षा ८ उत्रिण, कक्षा ८ सम्म पढाई ञ्सञ्चालन हुने विद्यालयका लागि एस.इ.इ. उत्रिण र कक्षा १२ सम्म पढाई ञ्सञ्चालन हुने विद्यालयका लागि कक्षा १२ उत्रिण गरेको हुनु पर्नेछ। तर त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभए अन्य व्यक्ति पनि अध्यक्ष हुन सक्ने छ।

---

® दोश्रो संशोधनबाट संशोधित

œ दोश्रो संशोधनबाट थपिएको

(४) व्यवस्थापन समितिको कार्यकाल तिन वर्षको हुनेछ ।

(५) विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष चुनिन सर्वसम्मत हुन नसकी विवाद भएमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लागि वडा अध्यक्षले सिफारिस गरी  नगर शिक्षा समितिमा पठाउने छ ।

(६) विद्यालयको व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु दुइ कार्यकाल भन्दा बढी चुनिन पाउने छैनन् ।

(७) विद्यालयको व्यवस्थापन समितिले विद्यालय प्रगति प्रतिवेदन नगर सिक्षा समितिमा वार्षिक रुपमा ।

(ख) संस्थागत  विद्यालय : (१) यस ऐन अन्तरगत संस्थागत विद्यालयहरुको स़ञ्चालन रेखदेख र व्यवस्थापन गर्न देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित विद्यालयका संस्थापक वा लगानीकर्तामध्येबाट | अध्यक्ष |
| (ख) सम्बन्धित विद्यालयका अभिभावकहरुमध्येबाट एक जना महिलासहित दुई जना | सदस्य |
| (ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट एक जना | सदस्य |
| (घ) सम्बन्धित वडाको जनप्रतिनिधिमध्येबाट एक जना | सदस्य |
| (ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुमध्येबाट छानी पठाएको एक जना | सदस्य |
| (छ) प्रधानाध्यापक | सदस्य सचिव |

(२) व्यवस्थापन समितिको कार्यकाल तिन वर्षको हुनेछ ।

(ग) **शैक्षिक गुठी वा सहकारी संस्था अन्तर्गत संचालित विद्यालय व्यवस्थापन समिति** : **(१)** शैक्षिक गुठी वा सहकारी संस्था अन्तर्गत संचालित विद्यालयको हकमा देहाय वमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गुठीयारहरु तथा सहकारी संस्था संचालकहरुमध्येबाट एक जना | अध्यक्ष |
| (ख) गुठीयारहरु तथा सहकारी संस्था संचालकहरुमध्येबाट एक महिला १ जना | सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि १जना | सदस्य |
| (घ) स्थानीय बुद्धिजीवी, समाजसेवीमध्येबाट एक जना प्रतिनिधि | सदस्य |
| (ङ) अभिभावकहरुमध्येबाट एक जना | सदस्य |
| (छ) शिक्षक प्रतिनिधिहरुमध्येवाट एक जना | सदस्य |
| (ज) प्रधानाध्यापक | सदस्य सचिव |

(२) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

**œ२१.क सामुदायिक, गुठी, सहकारी विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) सामुदायिक, गुठी, सहकारी विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ।

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने ।

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको पहिचान गर्ने ।

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने ।

(ङ) नेपाल सरकारबाट स्वीकृत दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र नगर शिक्षा शाखामा लेखी पठाउने ।

(च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने ।

(छ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी नगर शिक्षा शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन नगर शिक्षा शाखामा पठाउने ।

(ज) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने।

(झ) संघिय सरकार तथा स्थानीयबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने ।

(ञ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने ।

(ट) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने ।

(ठ) नगरपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ।

(ड) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने ।

(ढ) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने।

(ण) विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने।

(त) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने।

(थ) नगरपालिका, नगर शिक्षा समिति र नगर शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने।

(द) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत वा दण्डित गर्ने।

(ध) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण, सामाजिक परिक्षण गराउने ।

---

œ दोश्रो संशोधनबाट थपिएको

œ**२१.ख संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) अनुशासनहीन शिक्षक उपर कार्यवाही गर्न ।

(ङ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिकसामग्रीहरूको व्यवस्था गर्ने ।

(च) नेपाल सरकारबाट तथा नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने ।

(छ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने ।

(ज) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने ।

(झ) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने ।

(ञ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने ।

(ट) नगरपालिका, नगर शिक्षा समितिसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ठ) विद्यालयकोविपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने ।

(ड) नगरपालिका, नगर शिक्षा समिति र नगर शिक्षा शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(ढ) शिक्षक एवम् कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत वा दण्डित गर्ने ।

(ण) विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने ।

(त) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण, सामाजिक परिक्षण गराउने ।

(थ) दर्तावाला लेखा परीक्षकबाट बार्षिक लेखा परीक्षण गराउने र एक प्रति प्रतिवेदन नगरपालिकमा पेश गर्ने ।

---

œ दोश्रो संशोधनबाट थपिएको

×२२..........

**२३. शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्था :** (१) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्न शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) दफा (१) वमोजिमको समिति गठनका लागि व्यवस्थापन समितिले अभिभावकको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीका एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी कम्तिमा ४० प्रतिशत महिला सदस्य सहित बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(३) स्रोतकक्षा संचालित विद्यालयमा उपदफा (२) बमोजिमको समिति गठन गर्दा अपांगता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिको काम,कर्तब्य, अधिकार र वैठक सम्वन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

œ(६) शिक्षक अभिभावक संघको अध्यक्ष हुनका लागि विद्यालयमा व्यवस्थापन समितिको अध्यक्ष बराबर योग्यता हुनु पर्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

× दोश्रो संशोधनबाट हटाइएको

## परिच्छेद-६

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्यय

**२४. पाठ्यक्रम र पाठ्यसामग्री :** (१) विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) पाठ्य सामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चित गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्नेछ।

(३) पाठ्यक्रम,पाठ्यपुस्तक र पाठ्यसामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शिक्षा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको बहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्नेछ।

œ(४) संस्थागत विद्यालयहरुमा पठनपाठन हुने पाठ्यपुस्तक बिना अधार तिन वर्ष सम्म परिवर्तन गर्न पाइने छैन।

œ(५) स्थानीय आवस्यकता अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय र नगर कार्यपालिकाको सिफारिसमा मातृ भाषा लगायत थप अतिरिक्त पाठ्यपुस्तक र पाठ्यसामग्रीमा लागु गर्न सक्नेछ। पठन पाठन गराउदा योग्यता पुगेको प्रसिक्षकबाट गराउनु पर्नेछ।

×**२५. ............**

œ**२५क. परीक्षा परिचालन र व्यवस्थापन :** (१) विद्यालयहरुमा परिक्षा परिचालन र समन्वय गर्नको लागि देहाय बमोजिमको नगर परीक्षा समिति रहनेछ।

(क) नगर शिक्षा समितिको अध्यक्ष — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ख) आधारभूत तह र माध्यमिक तहका विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित शिक्षा समितिले मनोनित गरेका दुइ जना — सदस्य

(ग) शिक्षा अधिकृत वा उक्त काम गर्न तोकिएको व्यक्ति — सदस्य सचिव

(२) परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। आवश्यकता अनुसार परीक्षा समितिले माध्यमिक तथा आधारभूत तहको वार्षिक परीक्षा स़ञ्चालन गर्न एक परीक्षा स़ञ्चालन उप समिति निर्माण गर्न सक्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

× दोश्रो संशोधनबाट हटाइएको

œ**२५ख. आधारभूत तह परीक्षा उपसमिति** : (१) नगरपालिका क्षेत्रभित्रका कक्षा ८ सम्मको आधारभूत तह सञ्चालित विद्यालयहरुमा आधारभूत तह उर्तीण परीक्षा सञ्चालन, समन्वय तथा आवश्यक व्यवस्था गर्न देहाय बमोजिमको आधारभूत तह परीक्षा सञ्चालन समिति गठन गर्न सकिनेछ ।

(क) नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति — अध्यक्ष

(ख) नगरमा सञ्चालित विद्यालयका शिक्षकहरुबाट नगर शिक्षा समितिले मनोनित गरेका ३ जना — सदस्य

(ग) जनप्रतिनिधिहरुबाट २ जना — सदस्य

(घ) नगर शिक्षा अधिकृत — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित आधारभूत तह परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको परीक्षा समितिका पदाधिकारीहरुको कार्यकाल बढिमा एक वर्षको हुनेछ ।

œ**२५ग. माध्यमिक तह परीक्षा सञ्चालन उपसमिति :** (१) नगरपालिका क्षेत्रभित्रका कक्षा ९ देखि कक्षा १२ सम्मको माध्यमिक तह सञ्चालित विद्यालयहरुमा माध्यमिक तह उर्तीण परीक्षा सञ्चालन, समन्वय तथा आवश्यक व्यवस्था गर्न देहाय बमोजिमको माध्यमिक तह परीक्षा सञ्चालन तथा समन्वय समिति गठन गर्न सकिनेछ :

(क) नगर शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति — अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य

(ग) इलाका प्रहरी प्रमुख — सदस्य

(घ) जनप्रतिनिधिहरु मध्येबाट एक जना महिलासहित २ जना — सदस्य

(ङ) नगरमा सञ्चालित माध्यमिक विद्यालयका प्र.अ. हरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका १ जना — सदस्य

(च) नगर शिक्षा अधिकृत — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित माध्यमिक तह परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) माध्यमिक तहको परीक्षा उपसमितिका पदाधिकारीहरुको पदावधि बढिमा एक वर्षको हुनेछ।

**२६. शैक्षिक गुणस्तर परीक्षण सम्वन्धी व्यवस्था :** (१) फुङलिङ नगरसभाले बार्षिक रुपमा शिक्षाको गुणस्तर मापन सुधारको लागि कार्यपालिकालाई निर्देशन दिनेछ। शिक्षा मन्त्रालयले बनाएको गुणस्तरको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम प्रारुपलाई मूल आधार मान्नु पर्नेछ ।

(२) दफा (१) अनुसारको अन्य व्यवस्थाको लागि आवश्यक कार्यविधि तोकिए बमोजिम हुनेछ ।

---

œ दोश्रो संशोधनबाट थपिएको

## परिच्छेद-७

## प्रारम्भिक बाल शिक्षा सम्वन्धी ब्यवस्था

®**२७. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना :** (१) कुनै संस्था वा समुदायले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) दफा (१) बमोजिम निवेदन पर्न आएमा नगर शिक्षा समितिले त्यस्तो निवेदनका सम्वन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक शर्त तोकी अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको शर्त अनुरुप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा नगर शिक्षा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

२८. **प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने आवश्यक पूर्वाधार :** प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने आवश्यक पूर्वाधार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## ®विद्यार्थी संख्या, भर्ना र शुल्क सम्बन्धी व्यवस्था

२९. **विद्यार्थी संख्या :** (१) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया ग्रामीण र शहरी क्षेत्रमा क्रमश: तीस र पैंतालीस हुनु पर्नेछ।

(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया न्यूनतम बाइस, अधिकतम चौवालिस र औसत तेत्तिस हुनु पर्नेछ।

**३०. विद्यार्थी भर्ना तथा प्रमाणपत्र सम्वन्धी व्यवस्था :** (१) विद्यार्थी भर्ना तथा प्रमाणपत्र सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

œ**३०क. शुल्क सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै किसिमको शुल्क उठाउन पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ। तर यसरी उठाईएको रकमको हिसाब पारदर्शी हुनु पर्नेछ।

(३) सामुदायिक विद्यालयले विद्यालयको भौतिक संरचना निर्माणका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

---

® दोश्रो संशोधनबाट संशोधित

(४) गुठी, सहकारी, संस्थागत विद्यालयहरुले विद्यार्थीहरुसँग लिन पाउने शुल्क नगर शिक्षा समितिमा स्वीकृति गराई निर्धारण गर्नु पर्नेछ। यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा नगर शिक्षा समितिले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा निर्णय गर्नेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि सोही विद्यालयको अर्को कक्षामा तह बृद्धि गर्दा पुनः भर्ना शुल्क लिन पाईने छैन।

## परिच्छेद-९

## ®शिक्षक तथा कर्मचारी छनौट र सरुवा सम्वन्धी व्यवस्था

**३१. शिक्षक तथा कर्मचारी छनौट समितिः** (१) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचार छनौट समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -संयोजक

(ख) शिक्षा अधिकृतले तोकेको प्रतिनिधि -सदस्य

®(ग) माध्यमिक तहको शिक्षक नियुक्त गर्नु पर्ने भएमा सम्वन्धित विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक नियुक्त गर्नु पर्ने भए सम्वन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेका ब्यक्तिहरु मध्येबाट ब्यवस्थापन समितिले मनोनित गरेका दुईजना (विषय विशेषज्ञको रुपमा) - सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक छनौट समितिको सचिवालय फुङलिङ नगरपालिको कर्यालयमा रहनेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

® दोश्रो संशोधनबाट संशोधित

œ**३१क. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था :** (१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्तिगर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

œ**३१ख. सरुवा सम्बन्धी व्यवस्था :** (१) नगरपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र नगर शिक्षा समितिले सरुवा गर्न सक्नेछ।

(२) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो त्रैमासिक महिनामा गरीनेछ।

œ**३१ग. दरबन्दी मिलान तथा काज सरुवा :** नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात, विद्यालयको शिक्षण सिकाई उपलब्धि लगायतको विश्लेषण गरी तोकिए बमोजिम शिक्षक दरबन्दी मिलान तथा विशेष अवस्था देखि बाहेक शिक्षकहरुलाई अर्को विद्यालयमा काज सरुवा गरीने छैन।

**œ३१घ. पदवाट हटाइने :** (१) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको कसुर गरेमा पदबाट हटाइनेछ।

(क) तोकिए बमोजिमको पदीय दायित्व पुरा नगरी कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) बिना सुचना लगातार १५ दिनसम्म अनुपस्थित रहेमा,

(ग) विद्यालय समयमा मादक पदार्थ, लागु पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका कुनै शिक्षक वा कर्मचारीले कार्यलय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) विद्यालयलाई हानि नोक्सानि हुने कार्य गरेमा।

(२) उपदफा (१) मा लेखिएको कुराले हटाउन लागिएका कुनै शिक्षक वा कर्मचारीलाई सेवाबाट हटाउनु पूर्व सफाई पेश गर्ने मौकाबाट बंचित गरीने छैन।

(३) कर्मचारी शिक्षक मूल्याङकन सम्बन्धमा तोकिए वमोजिम हुनेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

## परिच्छेद-१०
## विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था

**३२. विद्यालयलाई अनुदान दिने :** (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा फुङलिङ नगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम नगर कार्यपालिकाले बार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय सञ्चित कोषमा पठाउने ब्यवस्था मिलाउनेछ।

(२) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँड गरीनेछ :

- विद्यालयको विद्यार्थी सङ्ख्या,
- विद्यालयको शिक्षक सङ्ख्या,
- विद्यालयको परीक्षाको परिणाम,
- विद्यालयको आर्थिक अवस्था,
- विद्यालयले पूरा गर्नु पर्ने न्यूनतम पूर्वाधारहरु ( Prioritized Minimum Enabling conditions PEMEC)

œ(३) विद्यालयको अवस्था हेरी अनुगमनबाट आएको प्रतिवेदनको आधारमा प्राथमिकीकरण गरी शिक्षा समितिको सिफारिसमा अनुदान दिइने छ।

(४) अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-११
## विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था

**३३. विद्यालय सञ्चालन सञ्चित कोषको व्यवस्था :** प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरु जम्मा गर्ने गरी एक विद्यालय सञ्चालन कोष रहनेछ।

**३४. बजेट तथा कार्ययोजना तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक बर्षको आषाढ मसान्त भित्र आगामी वर्षको बजेट तथा कार्ययोजना तयार गरी व्यस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ।

**३५. विद्यालयको आय ब्ययको लेखा :** विद्यालयले आय ब्ययको लेखा तोकिएको ढाँचामा राख्नु पर्नेछ।

**३६. लेखा परीक्षण गराउने :** (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त दर्तावाला लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

œ(२) विद्यालयको लेखा परिक्षण शुल्क देहायबमोजिम हुनेछ :

(क) आधारभूत तह (कक्षा १-५)- रु. १०,०००/-

(ख) आधारभूत तह (कक्षा १-८)- रु. २०,०००/-

(ग) माध्यमिक तह (कक्षा १-१०)- रु. ३०,०००/-

(घ) माध्यमिक तह (कक्षा १-१२)- रु. ४०,०००/-

**३७. विद्यालयको कामको सामाजिक परीक्षण गर्ने :** सामुदायिक विद्यालयहरुले नगरपालिकाले तोकेको कार्यविधि अनुसार आफ्नो कामको सामाजिक परीक्षण गर्नु पर्नेछ ।

## परिच्छेद-१२

## छात्रबृत्ति तथा निशुल्क शिक्षा सम्वन्धी व्यवस्था

**३८. छात्रबृत्तिको व्यवस्था गर्नुपर्ने :** ®(१) संस्थागत विद्यालयले ५ प्रतिशत विपन्न एवम् सीमान्तकृत विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ ।

œ(२) उपदफा (१) बमोजिम उपलब्ध छात्रवृत्तिमा कम्तिमा ५० प्रतिशत छात्राको संख्या हुनु पर्नेछ।

œ(३) उपदफा (१) बमोजिम छात्रवृत्ति वितरणका लागि विद्यालय व्यवस्थापन समितिले समिति गठन गर्नेछ ।

œ(४) संस्थागत विद्यालयले दिएको छात्रवृत्तिको अभिलेख सुचना पार्टिमा टाँस गर्नुपर्ने छ र त्यसको प्रतिवेदन शैक्षिक सत्रको प्रथम त्रैमासिक भित्रमा नगरपालिकाको शिक्षा शाखामा पेस गर्नु पर्नेछ ।

**३९. बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्ने :** सवै अभिभावकले पाँच वर्ष उमेर पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

## œपरिच्छेद-१३

## शिक्षक, कर्मचारी तथा विधार्थी अचार संहिता

**४०. आचार संहिता : (१)** शिक्षक, कर्मचारी तथा विधार्थीहरुले देहाय बमोजिमका आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) शिक्षकले पालना गर्नुपर्ने आचार संहिता :

(१) विद्यालय तोकिएको समयमा पुग्नु पर्नेछ,

(२) लागुपदार्थ सेवन गरी विद्यालय आउनु हुदैन,

(३) अनिवार्य रुपमा विद्यालय पोशाक लगाउनु पर्नेछ,

(४) विद्यालय समयमा व्यक्तिगत वा पारिवारिक तथा ठेक्का सम्वन्धी कामहरु गर्नु हुदैन,

---

œ दोश्रो संशोधनबाट थपिएको

® दोश्रो संशोधनबाट संशोधित

(५) कुनै पनि राजनैतिक दलको पदाधिकारी तथा सदस्य पदमा बसेर काम गर्नु हुदैन,

(६) तोकिएको समयमै पठन पाठनको कोर्स पुरा गरी सक्नु पर्नेछ ।

(७) विद्यालयले तोकेको नियमहरु पालना गर्नु पर्नेछ ।

(८) पठन पाठन प्रयोजन वाहेक कक्षा कोठामा मोबाईल प्रयोग गर्नु हुदैन ।

(ख) कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता :

(१) विद्यालय तोकिएको समयमा पुग्नु पर्नेछ,

(२) लागुपदार्थ सेवन गरी विद्यालय आउनु हुदैन,

(३) अनिवार्य रुपमा विद्यालय पोशाक लगाउनु पर्नेछ,

(४) कुनै पनि राजनैतिक दलको पदाधिकारी तथा सदस्य पदमा बसेर काम गर्नु हुदैन ।

(५) विद्यालयले तोकेको नियमहरु पालना गर्नु पर्नेछ ।

(ग) बिद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता :

(१) विद्यालय नियमित रुपमा र तोकिएको समयमै पुग्नु पर्नेछ,

(२) लागुपदार्थ सेवन गर्नु हुदैन,

(३) अनिवार्य रुपमा विद्यालय पोशाक लगाउनु पर्नेछ,

(४) कक्षा १० सम्मका विद्यार्थीहरुले विद्यालयमा मोबाइल फोन लिएर जान नपाइने कक्षा ११/१२ को हकमा कक्षा कोठामा शैक्षिक प्रयोजन बाहेक अन्य कार्यमा प्रयोग गर्न पाइने छैन,

(५) क्लासमा अनुशासित भएर बस्नु पर्छ ।

(६) विद्यालयले तोकेको नियमहरु पालना गर्नु पर्नेछ ।

## œपरिच्छेद-१४
## शैक्षिक कोष सम्वन्धि व्यवस्था

**४१. नगर शिक्षा कोष स्थापना :** (१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि एक नगर शिक्षा कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरीएको कोषमा देहायका रकमहरु जम्मा गरीने छन्:

(क) संघीय संचित कोषबाट शिक्षा सम्बन्धि अनुदान बापत प्राप्त रकम।

(ख) प्रादेशिक संचित कोषबाट शिक्षा सम्बन्धि अनुदान बापत प्राप्त रकम।

(ग) संस्थागत विद्यालयबाट प्राप्त बार्षिक कुल आम्दानीको तोकिए बमोजिमको रकम।

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम।

(ङ) शैक्षिक सेवा शुल्कबाट प्राप्त रकम।

(च) नगरपालिकाको सञ्चित कोषबाट शिक्षा क्षेत्रका निम्ति विनियोजित रकम।

(छ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) नगर कार्यपालिकाले कार्यविधि बनाई उक्त कोषको स़ञ्चालन तथा व्यवस्थापन गर्नेछ।

**४२. विद्यालय कोष :** (१) विद्यालयमा एउटा विद्यालय कोष हुनेछ। जसमा देहायका रकमहरु रहने छन्।

(क) सङ्घीय सरकारबाट प्राप्त अनुदान रकम।

(ख) प्रादेशिक सरकारबाट प्राप्त अनुदान रकम।

(ग) विद्यार्थीहरुको शुल्कबाट आउने रकम।

(घ) नगर शिक्षा कोषबाट प्राप्त अनुदान रकम।

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम।

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको स़ञ्चालन तोकिए बमोजिम हुनेछ।

## œपरिच्छेद-१५
## प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी व्यवस्था

**४३. प्राविधिक तथा व्यवसायिक शिक्षा :** (१) नगरपालिकाको विद्यालय तहमा प्राविधिक तथा व्यावसायिक कक्षा  स़ञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स़ञ्चालन हुने प्रावधिक तथा व्यावसायिक कक्षा स़ञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

## œपरिच्छेद-१६
## निरिक्षण, अनुगमन तथा मूल्यांकन

**४४. विद्यालय निरीक्षण :** (१) नगर शिक्षा समितिले नगरपालिकाका विद्यालयहरुको व्यवस्थापन, भौतिक पूर्वाधार र शैक्षिक क्रियाकलापहरुको बारेमा निरीक्षण तथा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरीने निरक्षण तथा अनुगमन प्रतिवेदन अनुसार विद्यालयको निरक्षण मुल्यांकन अभिलेख राखिनेछ।

(३) उपदफा (२) को निरिक्षण मुल्यांकनको आधारले विद्यालयलाई अनुदान तथा प्रोत्साहनका कार्यक्रमहरु स़ञ्चालन गरीनेछ।

**४५. विद्यालय अनुगमन तथा मूल्यांकन :** (१) नगर शिक्षा समितिले नगरपालिकाका विद्यालयहरुको व्यवस्थापन, भौतिक पूर्वाधार र शैक्षिक क्रियाकलापहरुको बारेमा अनुगमन तथा मुल्यांकन गर्नेछ।

(२) उपदफा (१) बमोजिम हुने अनुगमन तथा मुल्यांकनको अभिलेख राखिनेछ। सो अभिलेख राख्दा विद्यालयको व्यवस्थापन, भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर, शिक्षक कर्मचारीको भूमिका समेतको छुट्टाछुट्टै राख्नु पर्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

## œपरिच्छेद-१७

## दण्ड र सजायको व्यवस्था

**४६. दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर नगर शिक्षा समितिमा वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरीनेछ।

(४) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली उल्लङ्घन गरेमा वा अचार संहिता पालना नगरेमा नगर शिक्षा समितिले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयादेखि पच्चीस हजार रुपैयासम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी तथा नगरपालिकाबाट सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(५) दफा ४६ (१) बमोजिमको कसुर गरेमा पहिलो पटक नसिहत दिइनेछ। नसिहत दिई सकेपछि पनि फेरी तेस्तो कार्य गरेमा पाँच हजार देखि दस हजार सम्म सजाय हुनेछ.

(६) दफा (३८) बमोजिमको व्यवस्था अनुसार कार्य नगरे विद्यालय स़ञ्चालन अनुमति रद्द गरीनेछ।

(७) दफा (५५) अनुसारको कसुर गरेमा प्रथम पटक चेतावनी दिइनेछ। त्यसपछि पनि त्यस्तो कार्य गरेमा रु. १०,००० (दस हजार), जरिवाना गरीनेछ, त्यस पछि तेश्रो पटक पनि त्यस्तो कार्य गरेमा रु. २०,००० (विस हजार) र फेरी पनि दोहोर्याएर त्यस्तो कार्य गरेमा रु. ३०,००० हजार जरिवाना गरीनेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

## œपरिच्छेद-१८
## विविध

**४७. बुहारी शिक्षा स़ञ्चालन : (१)** नगरपालिकाले नगर क्षेत्र भित्र विवाह पछाडी पनि महिलाको शिक्षालाई अगाडी बढाउने र विकासको मुलधारमा सक्रिय बनाउने उदेश्यले बुहारी शिक्षा कार्यक्रम स़ञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स़ञ्चालन हुने शिक्षा कार्यक्रमको स़ञ्चालन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**४८. नमुना वाल विकास केन्द्र :** प्रत्येक वडामा कम्तिमा एउटा नमुना वालविकास केन्द्र स्थापना गर्न सकिनेछ।

**४९. शिक्षक कर्मचारी तालिम :** विद्यालयमा सेवारत शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तोकिए बमोजिम तालिम तथा प्रशिक्षण स़ञ्चालन गर्न सकिनेछ।

**५०. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था : (१)** विद्यालयहरुले नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम अतिरिक्त क्रियाकलाप स़ञ्चालन गर्नु पर्नेछ।

(२) विद्यालयहरुले हप्ताको एक दिन प्रत्येक शुक्रबार "बुकफ्री डे" को अवधारणा लागु गर्न सक्नेछ।

**५१. वाल बचत गर्न सकिने :** (१) आधारभूत सामुदायिक विद्यालयका विद्यार्थीहरुको कल्याणको लागी वालबचत कार्यक्रम स़ञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बचत रकम वालवालिका स्वयंले वा अभिभावकले जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बचत रकममा नगरपालिकाले पनि थप रकम जम्मा गरीदिन सक्नेछ। यसरि नगरपालिकाले जम्मा गरीदिने प्रक्रिया तथा स़ञ्चालन तोकिए बमोजिम हुनेछ।

**५२. विद्युतिय हाजिरीको व्यवस्था :** विद्यालयमा शिक्षक र कर्मचारीको नियमित उपस्थितिको लागि विद्युतिय हाजिरीको व्यवस्था गर्नु पर्नेछ।

**५३. ऐनको कार्यान्वयन तथा बाधा अड्काउ फुकाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमावली र निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन स्थानीय राजपत्र प्रकाशित गरी आदेश दिन सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

(३) सार्वजनिक विदा र नगरपालिकाको स्वीकृत शैक्षिक कार्यतालिका वाहेक विद्यालय बन्द गर्नु परेमा नगरपालिकासँग अनुमति लिनु पर्नेछ।

---

œ दोश्रो संशोधनबाट थपिएको

**५४. बाझिएमा स्वतः निस्कृय हुने**: यो ऐन वा यस ऐनमा गरीएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरीएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।

**५५. विद्यालय शान्ति क्षेत्र हुने :** (१) विद्यालय क्षेत्रभित्र राजनैतिक कार्यक्रम सञ्चालन गर्नु हुदैन।

(२) विद्यालय क्षेत्र देखि १०० मिटर सम्मको क्षेत्रमा धुम्रपान तथा मध्यपानजन्य पदार्थ विक्री वितरण गर्नु हुदैन।

**५६. विद्यालयको जग्गा लिजमा लिन सक्ने :** नगरपालिकाले सामुदायिक विद्यालयको स्वामित्वमा रहेको जग्गा आपसी सहमतिमा लिजमा लिएर प्रयोग गर्न सक्नेछ।

**५७. जिन्सी प्रतिवेदन पेश गर्नु पर्ने :** सामुदायिक विद्यालयले वार्षिक रुपमा नगर शिक्षा समितिमा जिन्सी प्रतिवेदन पेश गर्नु पर्नेछ।

**५८. दिवा खाजा :** सामुदायिक विद्यालयले दिवा खाजामा स्थानीय उत्पादनलाई समावेश गरी ताजा र पौस्टिक आहारको व्यवस्था गर्नु पर्नेछ।

**५९. यसै बमिजिम हुने :** यो ऐन जारी हुनु भन्दा अगाडी भए गरेका सबै क्रियाकलापहरु यसै अनुसार भएको मानिनेछ।

**६०. खारेजी र बचाउ :** यस ऐन अन्तर्गत बनेका नियमावली र निर्देशिकामा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित सङ्घीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ।

**आज्ञाले**
तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

***समाप्त***